का.जि.का.द.नं. ७९२/०६९/०७०
स.क.प.द.नं. ३६९९२/०६९/०७०
पो.ब.नं. २०७१२

**Attn: News Desk**

फोन नं.: ०१-४५३२२७०
०१-४५३२२७१

# नेपाल सुनचाँदी व्यवसायी महासंघ


## Federation of Nepal Gold & Silver Dealers' Associations


स्थापित : २०६९
काठमाडौं ।

चलानी नं. :

Date : 2082/09/18

**Weekly Chart**




| Date | Day | GoldPer 10g | Gold Per Tola | Silver Per 10g | Silver Per Tola |
|---|---|---|---|---|---|
| 2082/09/13 | Sunday | 2,31,995 | 2,70,600 | 4145.00 | 4,835 |
| 2082/09/14 | Monday | 2,31,480 | 2,70,000 | 4196.50 | 4,895 |
| 2082/09/15 | Tuesday | 2,24,710 | 2,62,100 | 3935.00 | 4,590 |
| 2082/09/16 | Wednesday | 2,23,765 | 2,61,000 | 3832.50 | 4,470 |
| 2082/09/17 | Thursday | 2,22,565 | 2,59,600 | 3785.00 | 4,415 |
| 2082/09/18 | Friday | 2,25,050 | 2,62,500 | 3879.50 | 4,525 |

### सुनचाँदीको मूल्यमा तिब्र उतार चढाव

यो साता पनि नेपाली बजारमा सुनचाँदीको मूल्यमा तिब्र उतार चढाव आयो । साताको सुरुका दिनमा मूल्यले ऐतिहासिक रेकर्ड बनाएपनि उतारचढावकाबीच अन्तिम कारोबारको दिन शुक्रबारसम्म आइपुग्दा भने समग्रमा सुनचाँदी दुवैको मूल्य घट्न पुगेको छ । साताको पहिलो दिन सुन प्रति १० ग्राम २,३१,९९५ कायम भएर उच्च रेकर्ड बनायो। त्यस्तै सोमबार, मंगलबार, बुधबार र बिहीबार भने उच्च मूल्यबाट घटेर कारोबार भएकोमा शुक्रबार अघिल्लो दिनको भन्दा केही बढी सुन प्रति १० ग्राम २,२५,०५० कायम भयो, जुन आइतबारको तुलनामा प्रति १० ग्राम ६ हजार ९४५ रुपैयाँ कमी हो भने तोलामा प्रतितोला ८ हजार १०० रुपैयाँ कम हो ।

त्यस्तै चाँदीको मूल्यले पनि यो साता ऐतिहासिक रेकर्ड कायम गरेको छ । साताको पहिलो दिन आइतबार प्रति १० ग्राम चाँदीको ४ हजार १४५ रुपैयाँ रहेर उच्च रेकर्ड बनाएकोमा सोमबार पुनः बढेर प्रति १० ग्रामको ४ हजार १९६ रुपैंया ५० पैसा कायम भयो, जुन हालसम्मको उच्च हो । मंगलबार, बुधबार र बिहीबार घटेर कारोबार भएकोमा शुक्रबार भने केही बढेर प्रति १० ग्राम चाँदीको ३ हजार ८७९ रुपैयाँ ५० पैसा कायम भएको छ । समग्रमा साताभर चाँदी प्रति १० ग्राम २६५ रुपैयाँ ५० पैसा घट्यो भने तोलामा प्रतितोला ३१० रुपैयाँ कम रह्यो।

मुद्रास्फीतिको डर, सरकारी ऋणजस्ता कारणले उत्पन्न भएको आर्थिक अनिश्चितता, भूराजनीतिक अस्थिरता (मध्य पूर्व, युक्रेनमा द्वन्द्व), कमजोर अमेरिकी डलर, सुरक्षित आश्रय खोज्ने लगानीकर्ताहरू र केन्द्रीय बैंकहरूले लगानी विविधीकरण गर्ने संयोजनका कारण सुनको मूल्यमा उतार चढाव भएको विश्लेषकहरुको भनाई छ । त्यस्तै चाँदीको सन्दर्भमा औधोगिक क्षेत्र माग बढ्नु, माग अनुसार आपूर्ती हुन नसक्नु जस्ता कारणले चाँदीको मूल्य बढेको हो । लगानीकर्ताले अंग्रेजी नयाँ बर्षमा प्रोफिट बुक गर्दा साताको अन्तिमतिर घटेको हो ।

किरणभाई बज्राचार्य
महासचिव